# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

सूचना नं. १२२/०८०-८१ प्रकाशित मिति २०८०/०८/२१

## लिखित परीक्षाको प्राप्ताङ्क हेर्ने सम्बन्धी सूचना

स्थानीय सरकारी सेवा अन्तर्गत यस आयोगको वि.नं. ६-८/०७९-८० (खुला तथा समावेशी), प्रशासन सेवा, सामान्य प्रशासन/लेखा समूह, अधिकृतस्तर छैटौ तह, अधिकृत पदको लिखित परीक्षाको नतिजामा चित्त नबुझि लिखित परीक्षाको अङ्क हेर्न पाउँ भनि जिल्ला तनहुँ, घिरिङ्ग गाउँपालिका वडा नं. १ बस्ने नुन बहादुर कार्कीको नाति मान बहादुर कार्कीको छोरा, मास्टर आइ.डी. ७३८९३, रोल नं. १०४८ का रविन जंग कार्कीले मिति २०८०/०८/०१ गते यस आयोगमा पेश गरेको निवेदन उपर कारवाही हुँदा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३६ तथा नियमावली, २०७७ को नियम २६ मा लिखित परीक्षाको नतिजा प्रकाशन भएको मितिले सात दिन भित्र कुनै उम्मेदवारले लिखित परीक्षाको कुनै एक वा एक भन्दा बढी पत्रको पुनर्योग गर्नुपर्ने व्यहोरा उल्लेख गरी सो पदका लागि तोकिएको परीक्षा दस्तुरको आधा दस्तुर बुझाएको भौचर साथ निवेदन दिन सक्ने कानूनी व्यवस्था रहेकोमा निज निवेदकले माग गरे अनुसारको लिखित परीक्षाको कुनै पत्रमा प्राप्त अङ्क हेर्न पाउने व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन, २०७६, प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ र प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७ मा समेत लिखित परीक्षाको प्राप्ताङ्क हेर्न पाउने कानूनी व्यवस्था नभएकोले निज उम्मेदवारलाई लिखित परीक्षाको प्राप्ताङ्क हेर्न दिन नमिल्ने भनि आयोगको मिति २०८०/०८/१५ गते बसेको बैठकबाट निर्णय भएको हुँदा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०८०/८/२१

तीर्थप्रसाद धिताल

(उपसचिव)